Received Date: April 2024 Revised: May 2024 Accepted: June 2024

# *लालचुडी* उपन्यासमा पुरुषवादी वैचारिकता

**चतुर्भुजलाल दास केवरत**

नेपाली विभाग, पाटन संयुक्त क्याम्पस, त्रि.वि.वि

cldkewrat@gmail.com

*doi: https://doi.org/10.3126/ppj.v4i01.70267*

**लेखसार**

*प्रस्तुत लेख कृष्ण अविरलको लालचुडी (२०७४) उपन्यासमा पुरुषवादी वैचारिकता शीर्षकमा केन्द्रित रहेको छ । पुरुषवादी वैचारिकताको अर्थ सामाजिक सांस्कृतिक संरचनामा पुरुषको विचारको हावी हुनु हो, जुन पितृसत्तासँग सम्बन्धित रहेको छ । सांस्कृतिक विमर्शात्मक संरचनामा पुरुषको हालीमुहाली हुनुका साथसाथै निर्णय प्रक्रियासमेतमा पुरुषकै वर्चस्व कायम हुनु नै पुरुषवादी मानसिकताको परिचायक हो । पुरुषवादी मानसिकताले पितृसत्तात्मक विचारलाई इङ्गित गर्दछ । यसमा पुरुषको वर्चस्व र सर्वोपरिता हुन्छ भने महिलाको अधीनस्थता र गौणता हुन्छ । यसलाई प्रस्ट्याउनका निम्ति पितृसत्ताबारे केलाउनु उपयुक्त हुन्छ । पितृसत्ता घरपरिवारदेखि सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक क्षेत्रमा पुरुष सर्वोच्चतामा आधारित अवधारणा हो । पितृसत्तात्मक समाजमा निर्णायक भूमिकामा रहने पुरुषहरूले लैङ्गिकताका आधारमा महिलाहरूप्रति असमान व्यवहार, लैङ्गिक उत्पीडन र हिंसा गर्नुका साथै प्रभुत्वशाली उपस्थिति समेतलाई जनाउँदछ । पितृसत्तालाई जैविक लिङ्गले भन्दा पनि सामाजिक लिङ्गले प्रभाव पार्दछ । पितृसत्ताले परिवारमा ज्येष्ठ पुरुष सदस्यलाई 'नाइके' मान्दछ र बाँकी अरू पुरुष तथा महिला सदस्यहरू त्यसको मातहतमा आज्ञापालक सदस्यका रूपमा काम गर्छन् । त्यतिमात्र नभएर यस्तो अवधारणा परिवारका पुलिङ्गी सदस्यलाई शक्तिशाली र पथ प्रदर्शक मानेको हुन्छ भने सोही आधारमा पुरुष सदस्यले परिवारका अरू सदस्यहरू विशेष गरी महिलाहरू माथि प्रभुत्वशाली तथा दमनकारी व्यवहार गर्छन् । पितृसत्ता हावी भएको सांस्कृतिक संरचनामा परिवारको अगुवा पुलिङ्गी सदस्यले अधीनस्थ स्त्रीलिङ्गी सदस्यहरू माथि शासन, शोषण, दमन र हिंसा गर्दछ । पितृसत्तात्मक सामाजिक संरचनामा शक्तिसम्बन्धका हिसाबले परिवारमा पुरुष सदस्यहरू अपेक्षाकृत महिला सदस्यहरूभन्दा बढी क्रियाशील र शक्तिशाली हुन्छन् । यस्तो सामाजिक संरचनामा पुरुषको अधिक प्रतिनिधित्व गराइएको हुन्छ भने महिलाको न्यून प्रतिनिधित्व गराइएको हुन्छ ।*

**शब्दकुञ्जी**

लैङ्गिकता, प्रभुत्वशाली, लैङ्गिक उत्पीडन, अधीनस्थता, हिंसा

## विषयपरिचय

*लालचुडी* उपन्यासमा मधेसी समुदायमा विद्यमान पितृसत्तात्मक संस्कृतिको वर्चस्वबारे सटीक तवरले चित्रण गरिएको छ । यस उपन्यासमा मधेसी समुदायमा पितृसत्ताको वर्चस्व भएकोले विपन्न वर्गीय मधेसी कलवार जातिकी ज्योति कलवारको युवावस्थामा विवाह हुन नसकी सौभाग्य र सौन्दर्यको प्रतीक मानिने रातो चुरा अर्थात् *लालचुडी* लगाउनबाट धेरै वर्षसम्म वञ्चित रहनु परेकी कथ्यको जीवन्त प्रस्तुति छ । विवेच्य उपन्यासमा मधेस प्रदेशको बारा जिल्लाअन्तर्गत पर्ने प्रसौनी गाउँमा जन्मेकी ज्योति कलवार बिबिएस उत्तीर्ण

गरेर पनि शारीरिक बनोट, सौन्दर्य तथा  गरिबीका कारण समयमा विवाह हुन नसकी उसले सामाजिक असमान व्यवहार, अपहेलना र खिसीटिउरी सुनेर अनि सहेर बस्नु परेकी तथ्यको उद्घाटन गरिएको छ ।

*लालचुडी* उपन्यासमा ज्योतिलाई बिहे गर्ने प्रस्ताव लिएर आएको प्रत्येक केटाले कुनै न कुनै खोट निकालेर  ज्योतिसँग विवाह गर्न अस्वीकार गरेको तथ्य उजागर गरिएको छ । विवाहको प्रस्ताव लिएर आउने कुनै केटाले ज्योतिका दाँत फाटेका, कसैले गोडा नमिलेका कमजोरी औंल्याउँछ । त्यसैगरी  कसैले काली वर्णकी त कसैले पुरुषसरह जागिर खान खोजेकी भनी अनेक लाञ्छना लगाएका कथ्यवस्तुको प्रस्तुति छ । विवाहका निम्ति अयोग्य ठहराएकीले ज्योति  मर्माहत भएर मेटासिड विष सेवन गरी आत्महत्या गर्ने मनस्थितिमा पुगेकी छ । यस कृतिमा मधेसी समुदायमा केटाहरूलाई केटी चयन गर्ने स्वतन्त्रता  छ तर केटीहरू उक्त अधिकारबाट वञ्चित रहनु परेका वास्तविकताको रहस्योद्घाटन गरिएको छ । घरमा बुबा नहुनु, गरिबी, अभाव र दाँत फाटेका हुनु र फरासिलो स्वभावका कारण ज्योतिको विवाह हुन नसकेको तथ्यलाई प्रस्तुत उपन्यासले सजीव चित्रण गरेको छ । ज्योतिको विवाह हुन नसकेकाले उसकी बहिनी कान्ताको समेत विवाह हुन नसकेको सामाजिक यथार्थको प्रस्तुति छ । ज्योतिकी बहिनीकी साथी उर्मिलालाई उसको पतिले कुटपिट गरी घरबाट धपाइदिएको सन्दर्भको कारुणिक चित्रण गरिएको छ । साथै ज्योतिको छिमेकी दाइ सोनेलालले दाइजोमा चित्त नबुझेकाले आफ्नी पत्नीलाई आमा र बहिनीसमेत मिली शारीरिक यातना दिएका विषयवस्तुको मार्मिक प्रस्तुति छ । विश्लेष्य उपन्यासमा हेटौडा घर भई ज्योतिसँगै वीरगञ्जमा बस्दै आएकी शर्मिला दङ्गालको मामाकी छोरी पूनमलाई बिहेका निम्ति हेर्नका आएका दुईजना महिलाहरूले निर्वस्त्र पार्न लगाएर अङ्ग प्रत्यङ्गसमेत छामछुम पारेका अनि आलिङ्गनसमेत गरी लैङ्गिक उत्पीडन दिएका प्रसङ्गको वास्तविक चित्रण गरिएको छ । यस उपन्यासमा ज्योतिको सहपाठी नीला झाको कम उमेरमै भारतीय केटासँग विवाह भएको र तीन तीनजना छोरीहरू मात्र पाएकीले नीला झालाई उसको पति, सासू र नन्द मिलेर दिएका प्रताडना र छोरा पाउन नसके सौता भित्र्याउने धम्कीपूर्ण भावको चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा मधेसी समुदायका पुरुषहरूले दाइजो लिएर मात्र विवाह गर्ने, दाइजो नल्याउँदा पत्नीलाई अनेक शारीरिक तथा मानसिक यातना दिनुका साथै त्यहाँका महिलाहरूलाई कम महत्त्व दिएर अनि असमान व्यवहार गरेर लैङ्गिक उत्पीडन र हिंसा गरेका तथ्यमाथि प्रकाश पारिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनका निम्ति पुस्तकालयीय पद्धतिअन्तर्गत रहेर प्राथमिक र द्वितीयक सामग्रीको प्रयोग गरिएको छ । प्रस्तुत अनुसन्धान साहित्यिक विषयवस्तुमा केन्द्रित भएकाले यो गुणात्मक शोध हो र यसको विश्लेषणका सन्दर्भमा निगमनात्मक विधिको उपयोग गरिएको छ ।  *लालचुडी* उपन्यासलाई प्राथमिक सामग्रीका रूपमा उपयोग गरिएको छ । त्यसैगरी पुरुषवादी वैचारिकतालाई प्रस्ट्याउने सन्दर्भमा पितृसत्ताको अवधारणात्मक अध्ययनका निम्ति भारतीय दार्शनिक कमला भासिनको पितृसत्ताको विचारलाई मूल आधार बनाइएको छ । यसका साथै उपन्यासको विश्लेषणका निम्ति विभिन्न पत्रपत्रिका एवम् पुस्तकमा प्रकाशित समीक्षा तथा समालोचनालाई द्वितीयक सामग्रीका रूपमा प्रयोग गरिएको छ । *लालचुडी* उपन्यासमा पितृसत्ता प्रस्तुत  अध्ययनको सीमा हो ।

## पितृसत्ताको सैद्धान्तिक अवधारणा

'पितृसत्ता' अङ्ग्रेजी शब्द 'पेट्रिआर्कि' (patriarchy) को नेपाली रूपान्तर हो । 'पितृसत्ता' शब्दले घर परिवारमा पिता या पुरुषको शासनलाई इङ्गित गर्दछ । पिताको अर्थ बाबु र बाबुको स्थान पुरुष अर्थात् पुरुषको सत्ता । यसले पुरुष शासित परिवारलाई जनाउँदछ । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाहरू, बालबालिकाहरू, दासहरू र घरेलु कामदारहरू घरपरिवारको नाइके पुरुष सदस्यको प्रभुत्व स्वीकार गर्दै उसको मातहतमा बस्छन् । यस्तो संरचनामा पुरुष वर्चस्वशाली भूमिकामा हुन्छ भने घरपरिवारका महिला सदस्यहरू अधीनस्थ भूमिकामा रहने भएकाले तिनीहरूमाथि भेदभाव, अनादर, टिकाटिप्पणी, नियन्त्रण, शोषण, यातना, हिंसाजस्ता अमानवीय व्यवहार गरिन्छ (Bhasin, www.priya.org) । पितृसत्ताले पिता मात्र नभई पिता लगायतका पुरुष सम्बन्धमा अटाउने सबै–पिता र पिता समान परिवारका सदस्य जस्तै काका, मामा, हजुरबा, दाजुभाइ, छोरा आदिलाई राख्न सकिन्छ (मिश्र र साह, २०८०, ekantipur.com) । यस्तो विचार रहेको सामाजिक संरचनामा पुरुष नै निर्णायक भूमिकामा रहन्छ । यस्तो अवधारणामा परिवारका पुलिङ्गी सदस्यहरू अग्रगण्य हुन्छन् भने स्त्रीलिङ्गी सदस्यहरूलाई कम महत्त्व दिइन्छ ।

पितृसत्तात्मक सामाजिक संरचनामा घर, परिवार र समाजमा पुरुषकै बोलबाला, अगुवाई र प्रभुत्वशाली भूमिका रहन्छ । यस्तो समाजमा महिलाहरूलाई पुरुषभन्दा कम बलशाली र अविवेकी अनि तुलनात्मक रूपमा पुरुषभन्दा कम सक्रिय आँकलन गरेर दोस्रो दर्जाको नागरिकसरह व्यवहार गरिन्छ अनि यही असमान लैङ्गिक व्यवहारबाट लैङ्गिक उत्पीडन र हिंसाको जन्म हुन्छ । सामाजिक लिङ्ग अर्थात् लैङ्गिकताका कारण पुरुषलाई शक्तिशाली र महिलालाई कमजोर ठान्नु भेदभावपूर्ण व्यवहार हो । पितृसत्ता समाजमा विभिन्न एकाइहरूमा विद्यमान छ ।

सामाजिक संरचनामा छरिएर रहेका विभिन्न प्रवर्गहरू जस्तै आर्थिक, सांस्कृतिक, राजनीतिक आदि सन्दर्भमा पितृसत्ताको प्रभाव देख्न सकिन्छ । समाजमा प्रभुत्वशाली संस्थाहरू जस्तै आर्थिक, राजनीतिक, सैनिक आदिमा पुरुषकै नेतृत्वदायी भूमिका पाइन्छ । यसका साथै समाजका पुरुष अधीनस्थ संस्थाहरू परिवार, शिक्षा, धर्म र आमसञ्चारमा पनि महिला अधीनस्थता रहेका छन् (Mckee, 2014, p. 30) सामाजिक संरचनामा शक्तिको सञ्चालन र नियन्त्रण गर्ने सङ्घसंस्थामा पुरुषकै बोलबाला देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाहरूलाई सामाजिक, राजनीतिक र आर्थिक क्षेत्रहरूमा न्यून प्रतिनिधित्व गराइएको हुन्छ । तिनीहरूलाई पुरुषका यौन सन्तुष्टि प्रदान गर्ने खेलौना र वस्तुका रूपमा व्याख्या गरिन्छ (Awaitor, 2022, p. 40) । पुरुषको सर्वोच्चतामा विकसित पितृसत्ता लैङ्गिकतामा आधारित हिंसाको एउटा हाँगो हो, जहाँ महिलाहरूलाई (सीमान्तीकृतहरू) यातना दिइन्छ र समाजमा गौण भूमिका प्रदान गरिन्छ । पुरुषहरू र केटाहरूलाई परिवारको आहारा व्यवस्थापन गर्ने मुखिया या नाइकेका रूपमा लिइन्छ भने महिलाहरूलाई घरायसी कामकाजका जिम्मेवारी सुम्पिनुका साथै बच्चा हुर्काउने काममा सीमित गरिन्छ । लैङ्गिकताको निर्मितिले पुरुषलाई वर्चस्वशाली भूमिका प्रदान गरेको छ (Awaitor, 2022, p. 44) । पितृसत्तात्मक चिन्तनमा पुरुषहरूले आफूहरूलाई महिलाका अपेक्षाकृत शारीरिक रूपले बलिया, मानसिक रूपले बढी चेतनशील र क्रियाशील ठान्दछन् ।

## मधेसी समुदायमा पितृसत्ताको प्रभाव

मधेसी समुदायमा धर्म, संस्कृति, परम्परागत आस्था एवम् विचारका आधारमा पुरुषप्रधान संस्कृतिको निर्मिति भएको पाइन्छ । मधेसी समुदायका पुरुषहरू निर्णायक स्थानमा भूमिका खेल्छन् भने महिलाहरू आज्ञापालक ओहोदामा बसेर काम सम्पन्न गर्छन् । यस समुदायका महिला सदस्यहरू माथि घरमूली पुरुष नाइकेको निगरानी र नियन्त्रण हुन्छ । मधेसी महिलाहरू मधेसी पुरुषहरूबाट विभिन्न खालका अपहेलना, लाञ्छना र प्रताडना सहेर बसेका हुन्छन् । लैङ्गिक कोणबाट पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा मधेसी महिलाहरू उपेक्षित, उत्पीडित र शोषित रहेको  पाइन्छ (केवरत, २०८०, पृ. ११९) । यस समुदायमा रूढिवादी प्रचलन, धर्म तथा शास्त्र निर्देशित जातीय र लैङ्गिक सोपानक्रममा आधारित संस्कृति विद्यमान भएकाले यहाँका बहुसङ्ख्यक महिलाहरू अपहेलित र अमर्यादित जीवन बाँच्न बाध्य रहेको पाइन्छ । यस समुदायमा पुरुषहरूको सर्वेसर्वापन विद्यमान रहेको छ (केवरत, २०८०, nepalaction.com) । मधेसी समुदायका महिलाहरू त्यहाँका पुरुषबाट विभिन्न सन्दर्भमा पीडित, प्रताडित र उत्पीडन भोग्दै आएको पाइन्छ ।

मधेसी समुदायका सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिकजस्ता सबै गतिविधिमा पुरुषलाई अग्रस्थानमा र महिलालाई दोस्रो स्थानमा राखिँदै आएको पाइन्छ । तिनका संस्कार, विचार, जीवनपद्धतिमा नै महिला पुरुषभन्दा कमजोर र कम सक्रिय हुने समाज मनोविज्ञानको विकास भएको देखिन्छ । पितृसत्तात्मक सोच जरो गाडेर बसेको मधेसी समुदायमा पुरुषवादी सोच बुझ्न त्यहाँको लैङ्गिक सम्बन्ध, मूल्यमान्यता, संस्कृति र सामाजिक संरचनालाई राम्ररी केलाएर  हेर्नुपर्ने हुन्छ (साह, २०८०, asmitamagazine.com) । पितृसत्ता अर्थात् पुरुषसत्ता हावी रहेको मधेसी समुदायमा महिलाहरू कतै बोक्सीको आरोपमा, कतै तिलक अथवा दाइजो नल्याएका कारण त कतै छोरा नपाएका कारण असमान व्यवहार भोग्नुका साथै शारीरिक र मानसिक यातनासमेत खेप्न बाध्य रहेको पाइन्छ । यस्तो मानसिकताले लैङ्गिक उत्पीडनका साथै लैङ्गिक हिंसासमेतलाई प्रश्रय दिएको देखिन्छ । नेपाली समाजमा पितृसत्ता हावी रहेको छ । क्षेत्रीयताका आधारमा मधेसी समाजमा समेत पितृसत्ता जब्बर रूपमा जरो गाडेर बसेको पाइन्छ । पुरुषसत्ताद्वारा निर्मित संस्कृतिमा महिलालाई कमजोर रूपमा अर्थ्याइँदै सोहीअनुसार असमान व्यवहार गरिन्छ । साहित्यमा सामाजिक गतिविधिको प्रतिच्छाया परेको हुन्छ ।

साहित्यमा समाजको प्रतिबिम्बन हुने भएकाले यसलाई समाजको दर्पण भन्ने गरिन्छ । साहित्यको एउटा चर्चित विधा उपन्यासमा समाजका विविध गतिविधिहरूको कलात्मक चित्रण गरिएको हुन्छ  । यसअन्तर्गत समाजका विभिन्न वर्ग, जातजाति, जनजाति, लिङ्ग, संस्कार तथा संस्कृति आवद्ध पात्रका विविध क्रियाकलापहरूको चित्रण गरिएको हुन्छ । साहित्यमा पितृसत्ताको अध्ययनका क्रममा लैङ्गिकतालाई केलाएर हेरिन्छ । पितृसत्ता सामाजिक लिङ्गकै निर्मिति हो जहाँनेर पुरुषलाई बलशाली , विवेकी, क्रियाशील भूमिकामा चित्रण गरिन्छ भने महिलालाई कमजोर, अविवेकी र निस्क्रिय भूमिकामा प्रस्तुत गरिन्छ । साहित्यमा लैङ्गिकताले अहम् भूमिका निर्वाह गर्छ । महिलाहरू जीवनका प्रत्येक पाइलामा कष्ट खेप्छन् । केवल साहित्यले तिनका मनोमालिन्यमाथि प्रकाश पार्ने काम गर्छ (Selvi, 2015,  p. 32 ) । सामाजिक संरचनामा महिलाहरूले पुरुषबाट अनेक खालका यातना र अपमानजनक व्यवहार भोगेका हुन्छन् ।

### *लालचुडी* उपन्यासमा पुरुषसत्ताको अवस्था

*लालचुडी* मधेसी समुदायमा विद्यमान लैङ्गिक असमानता र तत्प्रसूत समस्यामा आधारित सामाजिक यथार्थवादी उपन्यास हो । प्रस्तुत उपन्यासमा मधेसी समुदायमा पुरुषको निर्णायक र महत्त्वपूर्ण भूमिका चित्रण गरिएको छ । यस उपन्यासमा विपन्न वर्गीय कलवार जातिकी केटी ज्योति कलवार बिबिएस उत्तीर्ण गरेर पनि समयमा विवाह हुन नसकेको तथ्यको उजागर गरिएको छ । मधेसी समुदायको ज्योति कलवारको समयमै विवाह हुन नसक्नुमा त्यहाँको सामाजिक- सांस्कृतिक संरचना र लैङ्गिक विद्वेषी व्यवहार जिम्मेवार रहेको तथ्यलाई प्रस्तुत उपन्यासले कलात्मक ढङ्गबाट प्रस्तुत गरेको छ । विश्लेष्य उपन्यासमा पुरुषको वर्चस्व, महिलाका अधीनस्थता, लैङ्गिक उत्पीडन र दाइजो प्रथा, पण्यीकरणलाई चित्रण गरिएकाले तिनका बारेमा उपशीर्षकीकरण गरेर विश्लेषण गर्नु उपयुक्त हुने देखिन्छ ।

### पुरुषको प्रभुत्व

*लालचुडी* उपन्यासमा मूलभूत रूपमा मधेसी पुरुषको वर्चस्व र मधेसी महिलाको अधीनस्थ अवस्थाको चित्रण गर्दै दाइजो र लैङ्गिक उत्पीडनलाई केन्द्रीय कथ्यवस्तुका रूपमा चित्रण गरिएको छ । यस उपन्यासमा केन्द्रीय चरित्र ज्योति कलवारलाई बिहे गर्नका निम्ति हेर्न आउने केटा पक्षका प्रत्येकले ज्योति कलवारको एउटा एउटा खोट झिकेर ऊसँग विवाह गर्न सहमत नभएको सन्दर्भलाई वस्तुपरक ढङ्गबाट उठान गरिएको छ । उपन्यासमा मधेसी समुदायका पुरुषहरूको वर्चस्वशाली भूमिकालाई यथार्थपरक किसिमबाट चित्रण गरिएको छ । यस समुदायमा केटी हेर्ने स्वतन्त्रा त छ तर केटीलाई केटा वरण गर्ने स्वतन्त्रता नभएको वास्तवकितलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ, "....करिब १५ मिनटपछि केटा पक्षकै एकजना अर्धवृद्ध पुरुषले केटालाई सोधे, क त बौओ, तोहरा के लइकी कइसन लागल ? (भन् त बाबु, तँलाई केटी कस्तो लाग्यो ?" (अविरल, २०७४, पृ. ४५) । प्रस्तुत साक्ष्यमा केटा पक्षलाई केटीका घरमा गई केटी हेर्न र केटीकै सामुन्ने केटीबारे प्रतिक्रिया जनाउन केटालाई छुट हुन्छ तर त्यही स्वतन्त्रताबाट केटी वञ्चित हुने तथ्यलाई देखाउन खोजिएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको प्रभुत्वशाली भूमिका हुने भएकाले केटा पक्षकाले सहज रूपमा जे पनि सोध्न मिल्ने तर केटी अथवा केटी पक्षकाले केटा र केटा पक्षकालाई केही पनि सोध्न नमिल्ने सन्दर्भलाई प्रस्ट्याउँदछ किनभने पितृसत्तामा महिलालाई दोस्रो दर्जाका रूपका हेरिने भएकाले निर्णयमा तिनको सहभागितालाई प्राथमिकता प्रदान नगर्ने तथ्यलाई यस साक्ष्यले पुष्टि गर्दछ ।

मधेसी समुदायमा बुहारीलाई घरमा काम गर्ने, अनि श्रीमान् तथा सासू, ससुराको स्याहारसुसार गर्ने कारिन्दाका रूपमा लिने गरिन्छ । उक्त मानसिकतालाई *लालचुडी* उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ, "(....घरके पतोह नोकरी करे जाइ त दुल्हा आ सासुससुर के रेखदेख कैसे होखे सकी ? (घरकी बुहारी नै जागिर खान हिँडेपछि श्रीमान्, सासुससुराको कसरी रेखदेख हुन सक्छ ?" (पृ. ७५) । प्रस्तुत कथनले बुहारीलाई घरको नयाँ सदस्यको रूपमा भन्दा पनि एउटी सेविकाको रूपमा हेरिने समाज-मनोविज्ञानलाई प्रस्तुत गर्न खोजिएको छ । मधेसी समुदायमा बुहारीहरू घरआँगनको चौघेराभन्दा बाहिर जानु हुँदैन भन्ने सङ्कुचित मानसिकतालाई प्रस्तुत कथनले द्योतन गरेको छ । बुहारी घर बाहिर कुनै कार्यालयमा काम गर्न जाँदा घरपरिवारका मानिसको इज्जतको मानमर्दन हुने मधेसी समाज-मनोविज्ञानलाई यस कथनले राम्ररी उजागर गरेको छ । प्रस्तुत सन्दर्भमा घरको नाइकेले बुहारी माथि नियन्त्रण कायम गर्न खोजेको प्रसङ्गलाई प्रस्ट पारेको देखिन्छ । मधेसी समुदायमा प्रायः जसो छोरी बुहारीलाई घरबाहिर जान नदिइने चलन विद्यमान छ (साह, २०८०, asmitamagazine.com) ।

प्रस्तुत सन्दर्भमा घरपरिवारको नाइके पुरुषले महिलामाथि गर्ने नियन्त्रणको मनोविज्ञानलाई उजागर गर्न खोजिएको प्रस्ट छ ।

पुरुषसत्ता हावी रहेको मधेसी समुदायमा विवाहका निम्ति वरण गर्न लागिएकी केटीको आनीबानी, रूपरङ्गदेखि नखशिखको सम्पूर्ण मूल्याङ्कन काम केटा पक्षबाट नै एकतर्फी गर्ने चलन रहेको छ । उक्त विषयवस्तुलाई प्रस्तुत उपन्यासमा यसरी अभिव्यक्त गरिएको छ, "....प्याच्चै भन्यो, खडाउ जैसन गोड भइल लडकी से इञ्जिनियर पढल हमर भतिजा के बियाह होखे ना सकी । (खराउखुट्टे यस्ता केटीसँग इन्जिनियर पढेको भतिजको बिहे हुन सक्तैन" (पृ. ७८) । यस साक्ष्यमा केटाको मुखिया भएर केटी हेर्न गएको केटाको प्राध्यापक काकाले आफ्नो पुरुषसत्ताको शक्तिको प्रयोग गरेर केटीको शारीरिक बनोटको अपव्याख्या गरेर खराउजस्तो खुट्टा भएकी केटीसँग आफ्नो इञ्जिनियर भतिजोको विवाह हुन नसक्ने अपमानजनक शब्द प्रयोग गरेको देखिन्छ । मधेसी समुदायमा केटा त्यसमाथि पढेलेखेको केटाको अलिक बढी नै भाउ बढ्ने र तिनले केटीपट्टिलाई चित्त दुख्ने गरी प्रतिक्रिया जनाउने समाज मनोविज्ञानलाई यस साक्ष्यले प्रकाश पारेको छ । उपर्युक्त साक्ष्यले केटाको काकाको पितृसत्तात्मक प्रभुत्वशाली सोचलाई उजागर गरेको देखिन्छ किनभने आफूहरू केटा पक्षका भएकाले केटी र केटी पक्षका बारेमा तथानाम टिकाटिप्पणी गरे पनि फरक पर्दैन भन्ने मानसिकताले काम गरेको देखिन्छ । पितृसत्तात्मक संरचना रहेको मधेसी समाजमा पुरुषको सर्वेसर्वापन हुन्छ । उसैको निर्णय अन्तिम मानिन्छ (केवरत, २०८०, nepalaction.com) । यस साक्ष्यमा केटाको काका जो केटी हेर्नका निम्ति मुखिया भएर गएको हुन्छ उसकै निर्णय अन्तिम र मान्य हुने सन्दर्भ इङ्गित छ ।

## महिलाको अधीनस्थता

पितृसत्तात्मक मधेसी समुदायमा शक्तिसम्बन्धका हिसाबले महिलाहरू अधीनस्थ भूमिकामा हुन्छन् । उक्त विषयवस्तुलाई *लालचुडी* उपन्यासले राम्ररी उठान गरेको देखिन्छ । घरपरिवार तथा समाजमा पुरुषले निर्णय गर्ने अनि महिला सदस्यले परिपालना गर्नुपर्ने सन्दर्भ अधीनस्थताको अवस्था हो । यस उपन्यासमा मधेसी महिलाको अधीनस्थतालाई यसरी प्रस्तुत गरिएको छ, "मलाई हेर्न केटोसहितको अपरिचित मानिसहरूको हूल आउने टुङ्गो लागिसकेको थियो । मनले नचाहे पनि शृङ्गारपटार गरेर उनीहरूका सामु जबर्जस्ती अभिनय गर्नुपर्ने बाध्यता आइसकेको थियो" (पृ. ३५) । यस साक्ष्यमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषका इच्छाअनुसार महिला यहाँनेर कन्या सजिएर बस्नुपर्ने तथ्यलाई उद्घाटन गर्न खोजिएको छ । केटा र केटाका परिवारले भनेअनुसारको योजना बनाएर केटी हेर्न आउने र केटी चाहिँ गुडियाजस्तै सजिएर बस्नुपर्ने सन्दर्भले मधेसी महिलाहरू पुरुषसत्ताको अधीनमा रहेको सन्दर्भलाई इङ्गित गरेको छ । यस प्रसङ्गले केटी विवाहका निम्ति अनिच्छित भए पनि केटा र केटा पक्षका निम्ति राम्रो पहिरनमा सजिएर बसिदिनु पर्ने कथ्यले केटीको निर्णय स्वतन्त्रताको हनन हुन गई उसको पराधीनतालाई इङ्गित गरेको छ । पितृसत्तामा महिलामाथि हुने दमन चाहिँ केन्द्रीय र सक्रिय तत्त्व भने होइन बरू पितृसत्तात्मक संस्कृति चाहिँ स्त्रीद्वेषी र पुरुषको मूल्यवत्तामा वृद्धि गरेको छ (Beker, 1999, p. 23) । उपर्युक्त साक्ष्यमा महिला पुरुषको आदेशानुसार बस्नुपर्ने सन्दर्भले उसको पराधीनतालाई छर्लङ्ग पारिदिएको छ । पितृसत्तात्मक मधेसी समुदायका महिलाहरू सामाजिक, आर्थिक, सांस्कृतिक र राजनीतिक हिसाबले स्वावलम्बी नभएकाले तिनीहरू घरपरिवारका पुरुष सदस्यका इसारामा काम गर्न बाध्य हुन्छन् र यहीँबाट पराधीनताको खेल सुरु हुन्छ ।

*लालचुडी* उपन्यासमा महिलाको पराधीनतालाई राम्ररी चित्रण गरिएको छ । उपन्यासकार अविरलले मधेसी महिलाका अधीनस्थ मनोविज्ञानलाई यसरी उद्धृत गरेका छन्,

> फूल, आँमके पाता आ पानी के कलशा हातमे लेके, माथा निचा करके संस्कारी लइकी जइसन लबे लबे जइह आ । लइकाके आगे जाके कलशा निचा होसियारी से रख दिह । ओकराबाद लबे से आके लइकनके सामनेके कुर्सीमे बैठिह । दाँत देखाके मत हँसिअ आ । कुछो पुछी त सोचसमझके मात्र जवाफ दिह । लब से ना बोलिह ।'(फूल, आँपको पात र पाती राखेको कलश दुई हातले बोकेर बिरालोका चालले बिस्तारै जाने, केटाको अगाडि लगेर होशियारीसँग राख्ने, त्यसपछि बिस्तारै आएर केटाको सामुन्नेको कुर्सीमा बस्ने...। दाँत देखाएर नहाँस्ने ) केही सोधे भने शब्दशब्द तौलेर मात्र जवाफ दिने । (पृ.४१–४२)

उपर्युक्त कथनमा केटीलाई शृङ्गार गरिदिँदै गर्दा उसकी दिदी, फुपू र छिमेकी काकीहरूले केटीलाई अदव र अनुशासनका आचरण तथा व्यवहारबारे तालिम दिइनुमा पितृसत्ताले काम गरेको देखिन्छ । केटीका दिदी, फुपू र छिमेकी काकीहरू घरपरिवार तथा समाजमा प्रचलित प्रथा प्रणालीलाई बिगारेर आफ्ना घरपरिवार तथा समाजका शक्तिशाली पुरुषहरूलाई क्रोधित तुल्याउने खतरा मोल्न नचाहेको देखिन्छ । यस सन्दर्भमा केटीका दिदी, फुपू र छिमेकी काकीहरूले पुरुष मानसिकताबाट प्रभावित भएर आफ्नी चेलीलाई सम्झाइबुझाइ गरेको यस प्रसङ्गले उजागर गरेको देखिन्छ । महिला सदस्यहरू समाजका पुरुष सदस्यहरूलाई चिढाएर उनीहरूका इच्छा विपरीत जान नसक्नुले पनि महिलाका पराधीन मानसिकतालाई प्रस्ट्याएको देखिन्छ ।

**दहेजप्रथा**

दहेजलाई नेपाली भाषामा दाइजो भनिन्छ । विवाहमा दुलहीका बाबु, आमाहरूले दुलहीलाई दिएर पठाइने धनमाल (लुगाफाटो, गरगहना तथा गोडधुवा आदिलाई दाइजो भन्ने गरिन्छ । तर मधेसमा वर पक्षबाट कन्या पक्ष सामु राखिने नगद, जिन्सी, चल, अचल सम्पत्तिको सशर्त प्रस्ताव नै दहेजप्रथाको रूपमा विद्यमान रहेको पाइन्छ । यो प्रथा सिमरौनगढका राजा हरिसिंह देवको पालादेखि प्रचलनमा रहेको पाइन्छ । मधेसमा दहेजप्रथा धेरै पहिलेदेखि नै चल्दै आएको पाइन्छ । यस प्रथाले लैङ्गिक भेदभावका साथसाथै घरेलु हिंसा र सामाजिक र अमानवीय व्यवहारसमेतमा बृद्धि हुँदै गएको पाइन्छ । यसप्रथामा केटी पक्षका अभिभावकहरूले केटा तथा उसका अभिभावक एवम् आफन्तजनसमक्ष दिन बोलकबोल गरेका चल, अचल तथा नगद एवम् जिन्सी सामानहरू विवाह हुनु पूर्व नै भुक्तान गर्न नसकेको खण्डमा उक्त कुटमैतीको सम्बन्ध विच्छेद पनि हुन सक्तछ । यस्तो अवस्थामा केटी पक्षका अभिभावक मनोवैज्ञानिक दवावको महसुस गर्दै सामाजिक प्रतिष्ठामा आँच आउने भयले घरखेत धितो राखेर वा बिक्री वितरण गरेर भए पनि दाइजोको व्यवस्थापन गर्न बाध्य हुन्छन्  "मधेसी समाजमा दाइजो एउटा परम्परा नै बनेको छ । दाइजो विवाह भन्दा अगाडि नै अर्थात् मगनी (Engagement) को दिन नै माग्ने गरिन्छ जसमा कार, मोटरसाइकल, फर्निचर, घर जग्गा जस्ता महँगो महँगो सामग्री हुन्छ (शेख, २०८०, timesofpradesh.com/news) ।

मधेसमा दाइजो दिनप्रतिदिन झाँगिदै गएको देखिन्छ । यसले समाजमा नकारात्मक प्रभाव पार्न थालेको छ । केटीका अभिभावकहरूले  कबोल गरेअनुसारका नगद तथा जिन्सी दिन असमर्थ भएमा छोरीचेलीले घरमा उसले अनेक प्रकारका शारीरिक तथा मानसिक यातना भोग्नु पर्ने हुन्छ । केटी पक्षका अभिभावकहरूले कबोलेका

धनमाल  विवाह मण्डपमै दिन नसकी छोरीको विवाह सम्पन्न गरी पठाइएकोमा चेलीहरू अनेक यातना सहनुपर्ने सन्दर्भ अझ बढी दुखद कुरो हो (कान्तिपुर, २०७३, ekantipur.com) । यसरी के भन्न सकिन्छ भने मधेसी समुदायमा विद्यमान पितृसत्तात्मक संरचनामा शक्ति सम्बन्धका हिसाबले पुरुष शक्तिशाली स्थानमा रहेका छन् भने महिलाहरू शक्तिहीन अवस्थामा रहेको पाइन्छ । *लालचुडी* उपन्यासमा ज्योति कलवारको अभिव्यक्तिबाट भोजपुरी समाजमा दाइजोप्रथा व्याप्त रहेको सन्दर्भलाई यसरी प्रस्तुत गरिएको छ, "....उनीहरू केटीको रूप र चालचलनलाई भन्दा बढी दहेजलाई प्राथमिकता दिन्छन् । अपेक्षा गरेअनुसारको दहेज दिन सक्ने परिवारकी केटी मात्रै उनीहरूको प्राथमिकता भित्र पर्छे" (पृ.४६) । यस साक्ष्यमा मधेसको भोजपुरी समाजमा केटाहरूले केटीको शीलस्वभाव, आचरण एवम् आनीबानीभन्दा पनि दाइजोको विषयवस्तुलाई प्राथमिकतामा राखेर आफ्नो माग अनुसारको  मालधन दिन सक्ने घरमा कुटुम्बको नाता जोड्ने तथ्यलाई उजागर गर्न खोजिएको छ ।

प्रस्तुत सन्दर्भले त्यहाँको समाजमा मानवीय तथा सामाजिक मूल्य मान्यताभन्दा पनि उपभोक्तावादी एवम् पुँजीवादी संस्कृति मौलाउँदै गई दाइजोले दिनप्रतिदिन जरो गाड्दै गएको वास्तविकतालाई परावर्तन गरेको प्रस्ट छ । यसले सामाजिक मूल्यमान्यता एवम् मानवता क्रमशः स्खलित हुँदै गएको देखिन्छ । मधेसको भोजपुरी समाजमा कर्मशीलता ओझेल पर्दै पुँजीवादी संस्कृति हावी बन्दै गएपछि  दहेजजस्तो कुप्रथाले समाजमा जरो गाड्दै गएको स्पष्ट छ (यादव, २०७७, nagriknews.nagriknetwork.com) । मान्छेका सामाजिक तथा नैतिक मूल्यमान्यताहरू ह्रासोन्मुख अवस्थामा पुगी आर्थिक लेनदेनलाई नै बढी महत्त्व प्रदान गर्नुले मधेसको भोजपुरी समाज मानवीय मूल्यमान्तयताका हिसाबले पतनका सङ्घारतिर गइरहेको तथ्यलाई इङ्गित गर्दछ । यस साक्ष्यले भोजपुरी समाजमा मान्छेभन्दा पनि दहेजका रूपमा लिइने मालधन नै बढी महत्त्वपूर्ण रहेको तथ्यलाई उद्घाटन गरेको छ ।

ज्योतिका लागि बिहेको कुराकानी चलिरहेको एउटा केटाको अभिभावकले बढी दाइजो मागेको विषयवस्तुलाई *लालचुडी* उपन्यासले सजीव प्रस्तुत गरेको छ । केटा एमबिए उत्तीर्ण गरी जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारी रहेकाले उसले बढी दाइजो माग गरेको कथ्य सन्दर्भलाई उपन्यासमा यसरी प्रस्तुत गरिएको छ,

> काहे ना ? एमबीए पास कइल लइका बा अभित चलल रेटे तीन लाख ह । हमनी एसे बेसी देवे ना सकेमसन कहनी । वाकिर ओकनी पाँच लाख से एको पैसा निचे ना अइल हनसन । पल्सर मोटरसाइकल देलापर ६ लाखसे बेसिए होजाई । किन नगर्नु ? एमबीए पास गरेको केटाका लागि अहिले चलेको दहेजको रेटै तीन लाख हो । त्योभन्दा बढी दिन सकिन्न भन्यौं । तर पाँच लाखभन्दा एककन्ची पनि नघट्ने रे । (पृ. ५९)

उपर्युक्त कथनमा ज्योतिका लागि हेर्न खोजिएको केटा एमबीए पास गरेको र सरकारी जागिरे भएकाले उसको दाइजो दर निकै बढी यहाँनेर पाँच लाख रूपियाँ उल्लेख गरेबाट भोजपुरी समाजमा दाइजोका नाममा मोलमोलाइ हुने सन्दर्भ उद्घाटित छ । एमबीए उत्तीण गरेको केटाको समाजमा प्रचलित दाइजोको दररेट तीन लाख रूपियाँ तोकेबाट कौटुम्विक सम्बन्ध कायम गर्नका निम्ति आर्थिक सन्दर्भमा ज्यादै नै मोलमोलाइ हुने तथ्य उजागर गरिएको छ । केटाको कमी भई एउटै केटाका लागि धेरै केटीका अभिभावकहरूले डाक बढाबढ गर्दाखेरि केटा र केटापक्षको भाउ बढ्न गई दाइजो बढ्ने गरेको वास्तविकलाई यस साक्ष्यले प्रस्तुत गरेको छ । अभिभावकले आफ्नी छोरीचेलीका सुखद भविष्यको परिकल्पना गरेर राम्रो आमदानी गर्ने वरको खोजी गर्दाखेरि केटा पक्षका अभिभावकले बढी दाइजो माग गरेको देखिन्छ । कन्या पक्षका अभिभावकले मालिक, महाजन,

कर्मचारीको घर ताकेर छोरी दिने परम्पराको थालनी भएपछि केटाको भाउ ह्वात्तै बढेको हो भन्न सकिन्छ ( यादव,२०७७, nagriknews.nagriknetwork.com) । मधेसको भोजपुरी समाजमा सरकारी कार्यालयमा जागिर खाने कर्मचारी ज्वाइँ रोज्न खोज्दाखेरि अभिभावकहरूले आवश्यकता र आफ्नो आर्थिक हैसियतभन्दा पनि बढी दाइजो तिर्नुपर्ने तथ्यलाई उपर्युक्त साक्ष्यले प्रकट गरेको छ ।

मधेसमा सानादेखि ठुला सबै हैसियतका मानिसहरूले दाइजो लिनेदिने गरेका सन्दर्भलाई *लालचुडी* उपन्यासले वस्तुपरक तवरले उठान गरेको छ । आर्थिक लेनदेनसँग जोडिएको सामाजिक विकृति दाइजोले मधेसमा एउटा संस्कृतिकै रूपमा विकसित भएर दिनानुदिन झन् झन् झाँगिदै गएको देखिन्छ । मधेसमा उच्च पदस्थ कर्मचारीले मनग्य दाइजो दिएर आफ्नी छोरीको बिहे सम्पन्न गराएको सन्दर्भ उपन्यासमा यसरी चित्रित छ, "गएको वर्ष महोत्तरी जिल्लाको कुन सिडिओले त आफ्नी छोरीको बिहेमा कारलगायत पचासौँ लाख दहेज दिएको पत्रपत्रिकामा आयो । तर त्यो सिडिओमाथि कुनै कारबाही भएन । यस्तै कारणहरूले दहेजप्रथा रोकिन सकेको छैन" (पृ. ६१) । प्रस्तुत साक्ष्यले सामाजिक अपराध र गैरकानुनी गतिविधि गर्ने नागरिकका काम कारबाहीमा रोक लगाउनु पर्ने अख्तियारवाला पदाधिकारी नै दाइजोजस्तो कानुन विपरीत र असामाजिक क्रियाकलापमा उद्दत भई दाइजोलाई बढावा दिएकाले उक्त गतिविधिबाट सर्वसाधारणको मनोवल बढ्न गई दाइजोप्रथाले प्रश्रय पाएको सन्दर्भलाई प्रस्ट्याएको छ ।

समाख्याताले राज्यका जिम्मेवार पदाधिकारीले सामाजिक कुप्रथामा बन्देज लगाउनुको साटो उही अझ बढी पुलकित भएर फजुल खर्च गरी दाइजोप्रथालाई प्रश्रय दिनु राम्रो मान्न नसकिने सन्दर्भलाई उठान गर्न खोजेको छ । मधेसी समुदायमा पुरुषसत्ताकै आडमा मौलाएको दहेजप्रथाले त्यहाँका महिलाहरूमाथि दमनकारी, विभेदकारी र अमानवीय व्यवहार हुँदै आएको वास्तविकतालाई बाहिर ल्याउने काम गरेको छ । दाइजोप्रथा मूलतः पुँजीवादी संस्कृतिको आडमा मौलाएकोले यसले समाजमा सम्भ्रान्त वर्ग र निम्न वर्गका बिचको अन्तरालमा अझ बढी फराकिलोपन ल्याउनेमा दुईमत हुन सक्तैन । दाइजोप्रथाका कारण मधेसी समुदायका छोरीचेली तथा बुहारीहरू अपहेलित, अमर्यादित र असमान जीवन जिउन बाध्य रहेका छन् ।

## लैङ्गिक उत्पीडन

मधेसी समुदायमा पितृसत्तात्मक विचारले जरो गाडेकाले त्यहाँ पुरुष र महिलाका बिचमा असमान व्यवहार रहेको छ । सोही असमान व्यवहारले तिनका बिचमा अमर्यादित जीवनशैलीको विकास गरेको देखिन्छ । यस समुदायका बुहारीहरूले दाइजो नल्याउँदा होस वा सन्तानका रूपमा छोरा नपाउँदा होस पुरुषबाट पीडित, प्रताडित हुँदै दिनदिनै घरेलु हिंसाको सिकार हुनु पर्दछ । मधेसी समुदायका महिलाहरू घरपरिवारका पति, अन्य पुरुष सदस्यहरू, सासू, आमाजू र नन्दबाट शारीरिक तथा मानसिक यातना भोग्नुपर्ने तथ्यलाई *लालचुडी* उपन्यासले उजागर गरेको छ ।

पत्नीले भनेजति दाइजो नल्याउँदा पति र उसको परिवारका अन्य सदस्यहरू मिलेर केटीलाई निर्घात रूपमा कुटपिट गर्ने सामाजिक यथार्थलाई यस उपन्यासले उदाङ्गो पारेको छ । ज्योतिको छिमेकी दाइ सोनेलालले आफ्नी पत्नीलाई पिट्ने सन्दर्भलाई उपन्यासकारले यसरी अभिव्यक्त गरेका छन्, "म उठेको देखेपछि आत्तिदै उसले भनी देख न दिदी, सोनेलाल भैया रश्मि भउजीके त मार के मुआही लागल । आजु ओ दारू पिके आइलबा जानु...। (हेर न दिदी, सोनेलाल दाइले रश्मि भाउजूलाई कुटेर मार्न आँटिसक्यो ...। आज पनि रक्सी

धोकेर आएजस्तो छ." (पृ. ८७–८८) । प्रस्तुत कथनमा सोनेलालले रक्सी पिएर आई घरमा आफ्नी पत्नीलाई कुटपिट गरी शारीरिक यातना दिएको सन्दर्भको राम्ररी चित्रण गरिएको छ । यस प्रसङ्गमा घरेलुमा काममा संलग्न भएकी भार्यालाई मनपरि दुर्व्यवहार गर्नुले सोनेलाल ज्यादतीलाई प्रस्ट्याएको छ । यस सन्दर्भमा पतिले पत्नीप्रति गरेको असमान र अपमानजनक व्यवहारको दारुण चित्र प्रस्तुत गरिएको छ । प्रस्तुत साक्ष्यमा पुरुषको महिलामाथिको लैङ्गिक हिंसालाई उजागर गर्न खोजिएको छ । यस प्रसङ्गमा के भन्न सकिन्छ भने पुरुषको महिलामाथि प्रभुत्व कायम रहेकाले महिलामाथि दमनकारी व्यवहार गरिएको हो जुन पितृसत्ताकै उपज हो (सिंह, २०७८, diyopost.com) । यस साक्ष्यको माध्यमबाट महिलाको उत्पीडनको विषयवस्तुमाथि प्रकाश पार्न खोजिएको छ । विवेच्य उपन्यासमा भनेजति दाइजो नल्याएका कारण सोनेलालले आफ्नी पत्नीलाई कुटपिट गरी शारीरिक यातना दिएको विषयवस्तुको चित्रण गरिएको छ, "तर पनि सोनेलाललाई दहेजमा चित्त बुझेको थिएन । तेरी बहिनीको बिहेमा यति बढी दाइजो दिए तर मलाई ठगे भनेर निहुँ खोजिरहन्थे । बेलाबखत भाउजूसँग रिस पोखिरहन्थे । रक्सी खाएर आएर भकुरिरहन्थे" (पृ. ८८) । यस कथनमा सोनेलालले आफ्नी सालीको बिहेमा ससुराले बढी दाइजो दिएको र आफूले त्योभन्दा कम दाइजो पाएकाले आफू ठगिएको महसुस गर्दै रक्सी खाई आफ्नी पत्नीलाई कुटपिट गरी पीडा दिएको सन्दर्भ अभिव्यञ्जित छ ।

पितृसत्तात्मक सामाजिक संरचनामा शक्तिसम्बन्धका हिसाबले पुरुष प्रभुत्वशाली र महिला अधीनस्थ भएकीले यहाँनेर सोनेलालले आफ्नी पत्नीमाथि शारीरिक यातना दिई ज्यादती गरको पुष्टि हुन्छ । पितृसत्तात्मक संरचनामा पुरुषकै हालीमुहाली हुने भएकाले उसले महिलामाथि मनपरि व्यवहार गर्छ (केवरत, २०८०, nepalaction.com) यस प्रसङ्गमा सोनेलालले आफ्नी पत्नीमाथि पुरुष सत्तात्मक शक्तिको प्रयोग गरी लैङ्गिक उत्पीडन गरेको प्रस्ट छ । पुरुष सत्तात्मक सामाजिक संरचनामा महिलालाई कामुक दृष्टिकोणबाट हेर्ने, जिस्काउने, बसमा हिँड्दा चिमोट्ने, सिटी बजाउनेजस्ता अपमानजनक र अमर्यादित व्यवहार गरिन्छ । पुरुष सत्तात्मक समाजका कतिपय पुरुषहरूले महिलालाई केवल भोग्याका रूपमा हेर्ने र सोही अनुसारका गतिविधि गर्ने सन्दर्भलाई *लालचुडी* उपन्यासले राम्ररी प्रस्तुत गरेको छ । यस उपन्यासमा केन्द्रीय चरित्र ज्योति कलवार आफू बसमा हिँड्दा पुरुषहरूले महिलाप्रति गर्ने व्यवहारलाई यसरी अभिव्यक्त गरेकी छ, "बसभित्रको भीड देखेपछि मलाई त्यसमा चढ्ने आँटै आएन । किनकि यस्तो भीडमा चढ्दा लोग्ने मान्छेहरूले केटीहरूलाई चेप्ट्याएर, नितम्बमा आफ्नो गुप्ताङ्ग रगडेर कुन हालतमा पुऱ्याउँछन् भन्ने मैले धेरैचोटि भोगिसकेकी थिएँ" (पृ. ९९) । प्रस्तुत साक्ष्यमा पितृसत्तात्मक संस्कृतिमा महिलालाई हेर्ने दृष्टिकोण, पुरुष मनोविज्ञान र दमनकारी व्यवहारको उद्‌बोधन गरिएको छ । उपर्युक्त साक्ष्यमा बाटोघाटो हिँड्दा होस् अथवा सार्वजनिक सवारी साधनमा यात्रा गर्दा होस् महिलाहरू पाइलैपिच्छे पुरुषका कामुक आँखाबाट डामिँइदै यात्रा गर्नुपर्ने असमान र अपमानजनक व्यवहारको पर्दाफास गरिएको छ । विवेच्य साक्ष्यमा मधेसी समुदायमा महिलामाथि हुने लैङ्गिक हिंसालाई जीवन्त उतार्ने काम गरेको छ । महिलाका विरुद्धको हिंसा विभेदको एउटा स्वरूप त हुँदै हो यसका साथसाथै मानव अधिकारको हनन पनि हो (www.org>wrgsd sexual health) यस उपन्यासमा ज्योतिको बहिनीकी साथी उर्मिलाको उत्पीडनको विषयवस्तुलाई वस्तुपरक ढङ्गबाट चित्रण गरिएको छ ।

उर्मिलालाई उसको पतिले कुटपिट गरेर उसको सौतालाई घरबाट लेखेटिदिएको कथ्य सन्दर्भलाई उपन्यासमा यथार्थपरक ढङ्गबाट प्रस्तुत गरिएको छ । यस उपन्यासमा उर्मिलाको पति र उसका परिवारका मान्छेहरू मिलेर उसको सौतालाई तिलक कम ल्याएको निहुँमा घरबाट निष्काशन गरिदिएको प्रसङ्गलाई

उपन्यासमा यसरी चित्रण गरिएको छ, "....उसलाई भुक्याएर सौतामाथि बिहे गरिएको रहेछ । सौतालाई चाहिँ तिलक कम ल्याइस् भनेर ऊसँग बिहे हुनुभन्दा एक महिनाअगाडि मात्रै लोग्ने, सासू र नन्द मिलेर कुटेर लखेटेका रहेछन्"(पृ. १५९) । यस साक्ष्यमा उर्मिलाको पति र उसको घरपरिवारका मान्छेहरूले उर्मिलाकी सौताले दाइजो कम ल्याएकाले असन्तुष्ट भई उर्मिलाकी जेठी सौतालाई प्रताडना दिई घरबाट अपमानजनक तरिकाले निष्काशन गरिदिएको सामाजिक यथार्थको प्रकटीकरण गरिएको छ । यस सन्दर्भमा पुरुषको मनपरितन्त्रकै बोलबाला रहेको उजागर भएको छ ।

पितृसत्तात्मक समाजमा पुरुष र महिला बिच असमान व्यवहार हुने भएकाले पुरुषले आफूखुसी महिलामाथि दमनकारी व्यवहार गरेको पाइन्छ । तिलक, दाइजोजस्ता धनमाल लेनदेन बाध्यकारी व्यवस्थाले मधेसी समाजमा असमानता, उत्पीडन, हत्या र हिंसा जस्ता जघन्य आपराधिक गतिविधिहरूको मलजल गरेको देखिन्छ (झा, २०७६, nayapatrikadaily.com) । यस साक्ष्यले पितृसत्ता हावी रहेको मधेसी समुदायमा महिलामाथि पुरुषको वर्वरतापूर्ण व्यवहार रहेको तथ्यलाई पुष्टि गरेको छ । पुरुषसत्ताको वर्चस्वका कारण मधेसी समाजका महिलाहरू लैङ्गिक उत्पीडनको सिकार भएको सामाजिक यथार्थलाई प्रस्तुत साक्ष्यले प्रस्टसँग वर्णन गरेको छ । ज्योतिकी बहिनीकी साथी उर्मिलालाई उसको घरबाट कुटपिट गरी बाहिर निकालिदिएको सामाजिक यथार्थलाई *लालचुडी* उपन्यासले सटीक तरिकाले प्रस्तुत गरेको छ । आफ्नै पतिबाट प्रताडित उर्मिलाको शारीरिक यातनाको प्रसङ्गलाई उपन्यासकार अविरलले यसरी प्रस्तुत गरेका छन्, "....उसले थानामा सौताको पक्ष लिइछ । त्यसपछि त के थियो, घर, आइपुग्नासाथ लोग्ने, सासू र नन्द मिलेर मट्टितेल खन्याएर जिउँदै जलाउँन खोजेछन्" (पृ. १६०) । प्रस्तुत कथनमा उर्मिलाकी सौता जायज भएकीले उर्मिलाले थानामा आफ्नी सौताको पक्षबाट बोलेकी कुरा उसको पति र घरपरिवारका मानिसहरू अप्रिय र असह्य लाग्नुका साथै अवज्ञा गरेको अनुभूति हुन्छ । त्यतिमात्र नभएर पितृसत्तात्मक मधेसी समाजको पुरुषका विरुद्धमा पत्नीले थानामा बयान दिँदाखेरि उर्मिलाको पतिको अहम्मा ठेस पुग्न गई ऊ मर्माहत पुरुषत्वको स्वाभिमानलाई गर्बिलो बनाइराख्नका निम्ति भए पनि आफ्नी पत्नीलाई दण्डित गरेको देखिन्छ किनभने उर्मिलाको पतिले त्यसो नगरेको भए उसको घरपरिवारका मानिसहरूले उसलाई जोइटिङ्ग्रेको संज्ञा भिराउने डर थियो । अतः उर्मिलाको पति आफ्नो सामाजिक प्रतिष्ठा कायम गर्न र लोकलाजबाट जोगिनका निम्ति भए पनि उर्मिलालाई प्रताडित गरी घरबाट धपाएको देखिन्छ । यस सन्दर्भमा उर्मिलाको पतिको पुरुषत्वको स्वाभिमान सक्रिय भएर शारीरिक प्रताडना दिएको देखिन्छ । हिंसा शक्तिको आडमा गरिन्छ । सामाजिक विमर्शात्मक संरचनामा उर्मिलाको पति शक्तिशाली र उर्मिला कमजोर देखिन्छे । शक्ति प्रदर्शनको खेलमा जहिले पनि बलियोले निम्छरोलाई हेप्छ र दबाउँछ । यही शक्ति स्वार्थकै खेलको परिणाम हो तराईमा महिलाहरू कुटिने, जलाइने, मारिने क्रमले निरन्तरता पाएको देखिन्छ । यस्तो संरचनागत हिंसा समाजको कुनै न कुनै मूल्य मान्यता र अभ्याससँग जोडिएको हुन्छ (बोखिम, २०७६, nepallive.com) । प्रस्तुत सन्दर्भले उर्मिलाको पतिले शक्तिको आडमा आफ्नी पत्नीमाथि शारीरिक आक्रमण र उत्पीडन गरेको प्रस्ट हुन्छ ।

**पण्यीकरण**

पण्यको अर्थ वस्तु हुन्छ । महिलालाई वस्तुका रूपमा हेर्नु र सोही आधारमा व्यवहार गर्नुलाई यहाँ पण्यीकरण भन्न खोजिएको हो । पण्यीकरणलाई अर्को शब्दमा वस्तुकरण पनि भन्न सकिन्छ । महिलाको वस्तुकरणले महिलाको शरीर वा शरीरको कुनै अङ्गलाई पुरुषले वस्तुका रूपमा अर्थ्याउने र उपभोग गर्ने

सन्दर्भलाई इङ्गित गर्दछ जुन लैङ्गिक विभेदकै एउटा हिस्सा हो भन्न सकिन्छ । वस्तुकरण सिद्धान्तले धैरै महिलाका शरीरलाई अरूहरूले (पुरुषहरूले) लैङ्गिक रूपले एउटा वस्तुका रूपमा अर्थ्याउने र मूल्याङ्कन गर्ने सन्दर्भलाई परिभाषित गर्दछ (www.apa.ogr>education>sexual-objecti…PDF) यहाँनेर पितृसत्तात्मक सामाजिक संरचनामा महिलालाई मानवेतर वस्तुका रूपमा हेरिने र व्यवहार गरिने भएकाले उक्त आधारमा विश्लेषण गर्नु उपयुक्त हुन्छ । उपभोक्तावादी पुँजीवादी संस्कृतिमा हरेक चिजलाई एउटा वस्तु अर्थात् कमोडिटीका रूपमा लिइन्छ र सोहीअनुसार व्याख्या गर्दै निकृष्ट व्यवहारसमेत गरिन्छ । पुरुषसत्तावादी विचारका कोणबाट महिलालाई पुरुषभन्दा तुच्छ, हेय र वस्तुका रूपमा हेरिने सन्दर्भलाई *लालचुडी* उपन्यासमा यसरी प्रस्तुत गरिएको छ,

> हैन, हाम्रो समाजमा यी पुरुष भनाउँदाहरूले हामी युवतीहरूलाई के सम्झेका छन् हँ ? के हामी बिक्रीका लागि हाटबजारमा घिस्याइने पशुपक्षीजस्तै मात्रै हौं ? जसलाई उनीहरूले बगरेले खसी छानेजस्तै गरी छानी छानी किन्न पाउँछन् । ती पुरुषहरूको अगाडि हाम्रो आफ्नो रोजाइ चाहना, इच्छा, आत्मस्वाभिमान, सामाजिक इज्जत आदिको कुनै मूल्य छैन । (पृ. १२४–१२५)

प्रस्तुत कथनमा वैवाहिक निर्णय गरिने सवालमा महिलाको स्वतन्त्रता नहुने तथ्यलाई उद्घाटन गर्दै पुरुषको एकल वर्चस्व कायम रहेको वास्तविकताको चित्रण गरिएको छ । मधेसी समुदायमा विवाहयोग्य छोरीचेलीलाई उसको इच्छा, स्वतन्त्रता, आत्मसम्मान र स्वाभिमानको ख्याल नगरिकनै दुवैतिरका पुरुष सदस्यहरूले नाताकुटुम्वको सम्बन्ध गाँसेर छोरीचेलीमाथि थोपर्ने सन्दर्भलाई यस साक्ष्यले प्रस्टताका साथ देखाएको छ । प्रस्तुत सन्दर्भले पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषको एकल निर्णयको प्रसङ्गलाई अभिव्यञ्जित गर्नुका साथसाथै महिलाको निर्णय गर्ने अधिकार कुण्ठित भएको तथ्यलाई उजागर गरेको छ । लैङ्गिक दृष्टिकोणबाट पुरुष विवेकी र महिलालाई कम विवेकी वा अविवेकी भनेर अर्थ्याइने गरिन्छ । लिङ्गीय विमर्शात्मक संरचनामा महिला र पुरुषलाई अलग रूपमा प्रस्तुत गरिन्छ । यस्तो संरचनामा महिलाको निर्णय गर्ने अधिकारको अभाव हुने भएकाले तिनीहरू कमजोर अवस्थामा हुन्छन् (कोएस्टर, सन् २०१५, पृ. ३) । प्रस्तुत साक्ष्यमा मधेसी समुदायमा महिलाको निर्णय गर्ने अधिकार नभई वञ्चितीकरणको पीडा भोग्दै गरेको तथ्यलाई प्रकाश पारिएको छ । मधेसी समुदायमा केटाले बजारमा वस्तुभाउ छनोट गरेझैँ केटी छनोट गर्ने यथार्थलाई *लालचुडी* उपन्यासमा यसरी चित्रण गरिएको छ,

> ….गाउँमा गाईभैँसी, धानमकै, काँक्रो, तरकारी, खरीद गर्दा बैना गरेझैँ । र बिहेको तिथि निश्चित गरेर फिर्ता हुन्छ । यसको सोझो अर्थ हो–टाउको, मुख, स्तन, छाती, पुट्ठो र सुराहीजस्तो घाँटी भएको जतिसुकै अत्याचार गर्दा पनि प्रतिवाद गर्न नसक्ने यो मासुको थुप्रो अब मेरो लागि बुक भयो, यो अब अन्यत्र कहीँ बेच्न पाइने छैन । (पृ. १२६)

प्रस्तुत कथनमा मधेसी समुदायमा केटीलाई मानवीयभन्दा पनि मानवेतर सम्झेर हीनतर व्यवहार गर्ने सन्दर्भलाई उजागर गर्दै तिनका दयनीय अवस्थाको सटीक चित्रण गरिएको छ । केटी मन परेपछि गाईवस्तुको बिक्री वितरणभन्दा पहिले बैनाबट्टा गरेझैँ केटीको छेका गरिने चलनलाई यस साक्ष्यले प्रकाश पारेको छ । वाग्दान वरेण्याको बारेमा छेका गरिएउप्रान्त अरू कुनै केटाका लागि वैवाहिक कुराकानी गर्न नपाइने प्रावधान रहेको छ । तराई मधेसमा विवाहका केटा र केटी रोजिसकेपछि विवाहको टुङ्गो लगाउने कार्यलाई 'छेका' भनिन्छ । छेकामा केटा पक्षले केटी पक्षबाट लिने दाइजो आदिको माग हुन्छ । यसमा कुरा मिलेमा केटा र केटीको विवाह तय गरिन्छ (राई र अरूहरू (सम्पा.), २०७९, पृ. २३५) । केटापट्टिले आफूलाई मन परेकी

केटीलाई अर्को केटासँग वैवाहिक कुराकानी अगाडि बढाउन नपाउने गरी सामाजिक प्रचलन रहे पनि केटीको प्रतिक्रियाविहीनताको अवस्थाले केटीको वस्तुजस्तो जडवत अवस्थालाई इङ्गित गर्दछ । शक्तिसम्बन्धका हिसाबले महिला कमजोर भूमिकामा रहेको देखिन्छ । शक्ति सम्बन्धहरूको समुच्चय हो, जुन निश्चित संस्थाहरू जस्तै राज्य वा सरकारभन्दा पनि  सामाजिक संरचनामा शक्ति छरिएको अवस्थामा रहन्छ शक्तिको अभ्यास राज्य वा कुनै निश्चित संस्था मात्रमा सीमित र केन्द्रित नरहेर सामाजिक अभ्यास एवम् प्रचलनका माध्यमबाट पनि सञ्चालित  तथा कार्यान्वित हुन्छ (फुको, सन् २००३, पृ. ३५) । । पितृसत्तात्मक सामाजिक विमर्शात्मक संरचनामा  शक्तिको बागडोर पुरुषको हातमा हुन्छ । यस सन्दर्भमा महिलाहरू बोल्न असमर्थ रहने तथ्यको उद्घाटन गरिएको छ । प्रस्तुत प्रसङ्गमा मधेसी समुदायमा केटीलाई वस्तु सम्झेर मोलतोल गरी अनि मात्र विवाह गर्ने अमानवीय व्यवहारको रहस्योद्घाटन गरिएको छ ।

**निष्कर्ष**

*लालचुडी* उपन्यासमा मधेसी समुदायमा विद्यमान पितृसत्तात्मक विचारको विकराल स्वरूपलाई देखाइएको छ । त्यहाँ पितृसत्तात्मक विचारको प्रभुत्व रहेकाले पुरुष वर्चस्वशाली भूमिकामा र महिलाचाहिँ अधीनस्थ भूमिकामा रहेकाले तिनीहरूका सामाजिक, सांस्कृतिक र राजनीतिक स्तरमा निकै ठुलो अन्तराल रहेको वास्तविकताको उजागर गरिएको छ । यस कृतिमा मधेसी समुदायमा पितृसत्ताप्रसूत दाइजोप्रथा, लैङ्गिक उत्पीडन र हिंसाजस्ता असामाजिक र अमानवीय व्यवहारहरूले प्रश्रय पाएका तथ्यलाई इङ्गित गरिएको छ । त्यहाँको समुदायमा केटा र केटा पक्षले केटी पक्षसँग आफू खुसी दाइजो माग्न सक्ने, केटीको मूल्याङ्कन गर्न सक्ने तर केटी र केटी पक्षका मानिसहरू सहेर बस्नुपर्ने असमान व्यवहारको पर्दाफास गरिएको छ । मधेसी समुदायमा केटी पक्षबाट मनग्य दाइजो दिइए पनि केटा पक्षले एउटा एउटा निहुँ झिकेर छोरीचेलीलाई शारीरिक तथा मानसिक यातना दिइराख्ने लैङ्गिक उत्पीडन र हिंसाको उद्घाटन गरिएको छ । त्यहाँ उपभोक्तावादी पुँजीवादी संस्कृतिको आडमा दाइजोप्रथा निकै मौलाएको र कानुनसमेतले नियन्त्रण गर्न नसकेकोप्रति आक्रोश व्यक्त गरिएको छ । समाज र कानुनका ठेकेदारहरूले कानुनको ठाडो उल्लङ्घन गरेर कानुनी राज्यको उपहासको विषयवस्तुलाई उपन्यासकार अविरलले मार्मिक ढङ्गबाट प्रस्तुत गरेका छन् ।

मधेसी समुदायमा दाइजोप्रथाकै कारण केटा पक्षले केटीलाई कुटपिट गर्ने, मट्टितेल तथा पेट्रोल छर्केर आगो लगाएर ज्यान मार्ने उद्योग गर्नुका साथसाथै छोरा नपाएकी निहुँमा पत्नीलाई मरणासन्न हुने गरी कुटपिट गरी घरबाट धपाउनुका साथसाथै सौतासमेत भित्र्याउने यथार्थको सटीक प्रस्तुति छ । वस्तुतः *लालचुडी* उपन्यासले मधेसी समाजमा पितृसत्तात्मक संरचना हावी भएकोले त्यहाँका महिलाका जीवनावस्था दयनीय रहेको तथ्यको सार्वजनिकीकरण गरेको छ । पितृसत्ताको आडमा विकसित हुँदै गरेको दाइजोप्रथा र लैङ्गिक उत्पीडन अनि लैङ्गिक हिंसालाई न्यूनीकरण र निमिट्यान्न पार्नका लागि महिला सचेतना कार्यक्रमका साथै कानुनी कामकारबाहीलाई चुस्तदुरुस्त बनाउनु उपयुक्त हुन्छ । दाइजो लिने घर परिवारका मानिसहरूलाई सामाजिक तथा सार्वजनिक कार्यक्रममा बहिष्कार गर्दै नैतिक दवाव दिन सकिन्छ । दाइजो सामाजिक कुप्रथाको रूपमा विकसित भइरहेका बेला यसलाई पाठ्यक्रममै समावेश गरी पठनपाठनका माध्यमबाट स्त्रीद्वेषी व्यवहार कम गर्दै लैङ्गिकमैत्री चेतनाको विकासका साथै जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्दै  दाइजो न्यूनीकरण गर्न  सकिने देखिन्छ भने कानुन विपरीत दाइजो माग गर्ने व्यक्तिहरूलाई कानुनी कठघरामा उभ्याएर कडाभन्दा कडा सजाय दिई यसमा केही हदसम्म सुधार गर्न सकिन्छ ।

## सन्दर्भसामग्री सूची

### देवनागरी लिपिका सामग्री

अविरल, कृष्ण (२०७४). *लालचुडी.* तेस्रो संस्क. काठमाडौँ : मञ्जरी पब्लिकेशन ।

कान्तिपुर, (२०७३).सम्पादकीय, “दाइजो प्रथाको विकृति”, ekantipur.com/amnews/2016-06-05.

केवरत, चतुर्भुजलाल दास (२०८०). “समकालीन नेपाली उपन्यासमा मधेसी सौन्दर्य”, *प्रज्ञा उपन्यास विमर्श.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान (पृ.८८–१२०) ।

केवरत, हेमन्ती (२०८०), “मधेसी महिला : पहिचानको समस्या”, www.nepalaction.com.

बोखिम, भानु (२०७६). “संरचनागत हिंसाको दुष्चक्रमा महिलाको जीवन”, nepallive.com.

मिश्र, प्रमोद र तुलानारायण साह (२०८०). “मधेसी समाजमा पितृसत्ता”, www.ekantipur.com.

यादव, मिथिलेश (२०७७).“दाइजोले थलिँदै मधेस”, www.nagriknews.nagriknetwork.com .

राई, भक्त र अरूहरू (सम्पा.) (२०७९). “छेका”, *नेपाली लोकवार्ताकोश.* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान (पृ.२३५) ।

शेख, जिनत (२०८०). “दाइजो, समाज र कानुन” timesofpradesh.com .

साह, रीता (२०८०). “मधेसी समुदायमा पितृसत्ता”, asmitamagazine.com .

सिंह, सि.के (सन् २०२०). “दाइजो एक कुप्रथा”, healthnewsnepal.com .

### रोमन लिपिका सामग्री

AWITOR, FRANCIS ETSE (2022). Could the subaltern speak ? Patriarchy and Gender–Based violence in Ben okri's Dangerous Love. *Journal of Gender, Ethnic, and cross-cultural studies.* 1 (1) 4, 40–58.

Beker, Merry (1999). *Patriarchy and Inequality Towards a Subjective Feminism*. Volume 1999 (1) 3, 21–88.

Bhasin, Kamala (2014). what is patriarchy ? www.priya.org .

Foucault, Michel (2003). POWER and INSTITUTIONS. *Routledge Critical Thinkers* Sara Mills (eds.). Routledge Taylor and Fransis Group (p. 33–51).

Mckee, Jesse Robert (2014). *Patriarchial Ideology and Violence Against Women : A Theoretical Contribution Using Longitudinal, Individual-Level Analyses*. Dissertation of DOCTOR OF PHILOSOPHY. OLD DOMINION UNIVERSITY.

Selvi, S.T. Tamizh (2015). *Role of Class, Caste, Race and Gender in Literature. Notions* 6 (1) 32–40.

https://www.apa.org>education>sexual-objecti...PDF.

https://www.ohchr.ogr>WRGSD sexual health.